मिति २०७७/५/२८ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ८८/२०७७ का निर्णयहरू:-

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/३२/३०७-२०७७/५/२८ को “रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन र कार्यकारी निर्देशक नियुक्ति गर्ने” सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

“प्रस्तावमा लेखिए बमोजिम गर्ने ।”

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/४३/३०८-२०७७/५/२८ को “रजिष्ट्रार अधिकारीको कार्यालय, धनगढी स्थापना गर्ने प्रस्ताव स्वीकृत गर्ने” सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-
“आर्थिक मामिला तथा योजना मन्त्रालयको राय परामर्श तथा सहमतिमा उल्लेखित शर्तहरुको अधिनमा रही प्रदेश सरकारलाई थप आर्थिक दायित्व सृजना नहुने गरी मौजुदा भौतिक पूर्वाधार/संरचना र मौजुदा कर्मचारीबाटै कार्यालय सञ्चालन गर्ने र कुनैपनि कर्मचारी करारमा भर्ना नगर्ने गरी प्रस्तावमा लेखिए बमोजिम गर्ने ।”

३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/३०/२९३-२०७७/०४/१८ को सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७ को मस्यौदा स्वीकृती सम्बन्धी प्रस्ताव प्रदेश सरकार (मन्त्रिपरिषद्) को २०७७/०४/२१ गते बसेको ८४ औं बैठकमा पेश हुँदा म.प. वैठकबाट “मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णय बमोजिम प्रदेश सभामा पठाउने” भन्ने निर्णय भएकोमा सो प्रस्ताव प्रशासन तथा विधेयक समितिको मिति २०७७/०५/२८ गतेको बैठकमा प्रस्तुत भई प्रस्तावसाथ पेश भएको विधेयकको मस्यौदा उपर छलफल हुँदा हाल प्रदेश सभाको अधिवेशन सुचारु नरहेको अवस्था भएकोले प्रस्तावसाथ प्राप्त विधेयकको मस्यौदाका सम्बन्धमा आवश्यक निर्णय हुन प्रदेश सरकार (मन्त्रिपरिषद्मा) पुनः पेश गर्ने निर्णय सहित समितिका संयोजक माननीय भौतिक पूर्वाधार विकास मन्त्रीको प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा आवश्यक निर्णयार्थ पेश हुन आएकोमा सो सम्बन्धमा देहाय बमोजिम गर्ने:-
“प्रदेश मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिका संयोजक माननीय भौतिक पूर्वाधार विकास मन्त्रीको प्रतिवेदन साथ प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा पेश **भएको सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७** को मस्यौदा सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने।”

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली